# चन्द्रकोट गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

सूचना नं. ०४४-२०८०/०८१

## करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धी सूचना। ।

**(प्रथम पटक प्रकाशित मितिः- २०८०/११/०६ गते)**

चन्द्रकोट गाउँपालिका तथा अन्तर्गत पर्ने वडा कार्यालय तथा स्वास्थ्य चौकीको लागि देहाय बमोजिमको पदमा खुला प्रतियोगितात्मक परीक्षाबाट करार सेवामा पदपूर्ति गर्नुपर्ने भएकोले तपशिल अनुसारको योग्यता भएका इच्छुक व्यक्तिले प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र तोकिएको परिक्षा दस्तुर बुझाएको राजश्व रसिद सहित यस चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मीमा दरखास्त दिनका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

**गाउँपालिका तर्फ**

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०६-२०८०/०८१ | कृषि स्नातक | अधिकृत स्तर छैठौं | १ | १००० ।- |

**स्वास्थ्य चौकी तर्फ**

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०७-२०८०/०८१ | ल्याव असिष्टेण्ट | चौथो | १ | ४००।- |

**वडा कार्यालय तर्फः**

| क्र.सं. | बिज्ञापन नं. | पद | तह | माग पदसंख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|
| १. | ०८-२०८०/०८१ | सामाजिक परिचालक | - | १ | ३००।- |

*(बिज्ञापन नं. ०८-२०८०/०८१ को हकमा ४ नं. वडा कार्यालय कार्यक्षेत्र रहने छ भने अन्य विज्ञापनको हकमा कार्यक्षेत्र पछि तोकिने छ।)*

**१. आवश्यक न्यूनतम योग्यता र अनुभवः**

| पद/तह | आवश्यक शैक्षिक योग्यता |
|---|---|
| कृषि स्नातक | मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थाबाट कृषि बिज्ञानमा कम्तिमा स्नातक तह उत्तीर्ण |
| ल्याव असिष्टेण्ट | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरी ल्याव असिष्टेण्टको १ बर्षको कोर्ष उत्तीर्ण गरेको |
| सामाजिक परिचालक | मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी./एस.ई.ई. उत्तीर्ण गरेको |

**२. उमेर :** सवै पदको लागि १८ वर्ष उमेर पुरा ३५ बर्ष ननाघेको तथा महिलाको हकमा ४० बर्ष ननाघेको।

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत

**३. दरखास्त पाउने स्थान** : चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय शान्तिपुर, गुल्मी वा वेवसाइट www.chandrakotmun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**४. दरखास्त बुझाउने स्थान** : चन्द्रकोट गाउँ कार्यपालिकाको कार्यालय, शान्तिपुर, गुल्मी ।

**५. दरखास्त दिने अन्तिम मिति** : २०८०/११/२० गते कार्यालय समयभित्र। (दरखास्त दिने दिनको अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसको अर्को दिन दिउँसो १२ बजे सम्म मात्र)

**६. छनोटको किसिम** : कृषि स्नातक र सामाजिक परिचालकको हकमा लिखित र अन्तर्वार्ता हुनेछ भने ल्याव असिष्टेण्टको हकमा प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन, लिखित र अन्तर्वार्ता।

**७. लिखित परीक्षाको पाठ्यक्रमः** कृषि स्नातक र सामाजिक परिचालकको हकमा कार्यालयको वेवसाईटबाट प्राप्त गर्न सकिनेछ र सोही अनुसार हुनेछ। ल्याव असिष्टेण्टको हकमा लोक सेवा आयोगले समान तह र पदको लागि निर्धारण गरे बमोजिम हुने गरी कुल ६० अंकको (प्रत्येक प्रश्नको अंकभार समान २ रहने गरी कुल ३० वटा) बहुबैकल्पिक प्रश्न सोधिनेछ।

**८. आवेदन तथा संलग्न कागजातहरु** :- आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिमको प्रतिलिपिहरु

**क.** नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि **ख.** न्यूनतम योग्यताको लब्धांक प्रमाणपत्रको प्रतिलिपि (माथिल्लो योग्यता भएमा सो समेत पेश गर्नुपर्ने)

**ग.** चारित्रीक प्रमाणपत्रको प्रतिलिपि **घ.** काउन्सिल/परिषद् दर्ता तथा नवीकरणको प्रमाणको प्रतिलिपी

**ङ.** अनुभव खुल्ने कागजात **च.** ३ प्रति पासपोर्ट साइजको फोटो

**९. परीक्षा संचालन** : प्रारम्भिक योग्यताक्रमको सूची पछि प्रकाशन गरिनेछ।

**१०. सेवा सुविधा** : करार संझौता बमोजिम हुनेछ ।

*थप जानकारीको लागि गाउँपालिकाको टोल फ्रि नम्बर १६६०७९५२३३३ वा ९८५७०६७७३१ वा ९८५७०६०९६३ मा सम्पर्क गर्न सकिनेछ।*

(प्रकाश चन्द्र शर्मा)
नि. प्रमुख प्रशासकीय अधिकृत

प्रकाश चन्द्र शर्मा
नि.प्रमुख प्रशासकीय अधिकृत